३. संस्थाले तोकेको कार्यालयहरुमा सेवा खरिद सम्झौताका शर्तहरु बुँदा नं. १ देखि ४ मा तोकिए बमोजिम नियमित रुपमा सेवा उपलब्ध गराउनु पर्नेछ। सेवा अवधि सम्झौता भएको मितिबाट शुरु भई ३ वर्षसम्म हुनेछ र संस्थाको आवश्यकताका आधारमा अवधि थप गर्न सकिनेछ।

४. करार संख्याहरुमा सेवा उपलब्ध गराउनका लागि आवश्यक कर्मचारीको वास्तविक संख्या संस्थाको आवश्यकता अनुसार माथि बुँदा नं. हरुमा उल्लेख गरिएको अनुमानित आधार संख्या भन्दा घटी वा बढी हुन सक्नेछ। संस्थाले घटी वा बढी कर्मचारीको सेवा माग गरेको खण्डमा सम्झौता अनुसारकै दर/रेटमा कर्मचारी उपलब्ध गराउनुपर्नेछ।

५.इच्छुक प्रस्तावदाताहरुले कार्यालय समयभित्र यस संस्थाको केन्द्रीय कार्यालय बल्खुस्थित कार्यालयमा सम्पर्क राखी वा वेवसाइट.www.sajhasewa.com.np मा गई सिलबन्दी प्रस्ताव सम्बन्धमा थप जानकारी लिन वा प्रस्ताव सम्बन्धी कागजात अध्ययन गर्न सकिनेछ।

६.सिलबन्दी प्रस्ताव सम्बन्धी कागजात www.sajhasewa.com.np बाट डाउनलोड गर्न सकिनेछ। प्रस्ताव बुझाउन इच्छुक प्रस्तावदाताले कार्यालयको नाम, ठेगाना : साझा सेवा (सहकारी संस्था) लि., केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं लेखी पेश गर्नुपर्नेछ।

७. योग्य तथा इच्छुक प्रस्तावदाताहरुले मिति २०८०/०५/२७ गते कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुपर्नेछ। उक्त समय सिमा पश्चात प्राप्त हुन आएका प्रस्तावहरु स्वीकार हुने छैन।

८. सिलबन्दी प्रस्तावको मान्य अवधि प्रस्ताव खोल्ने मितिबाट कम्तीमा ३० दिन सम्मको हुनुपर्नेछ।

९. प्राप्त हुन आएका प्रस्तावहरु मिति २०८०/०५/२८ गते दिनको १:०० बजे केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा खोलिनेछ। रितपूर्वक पेश हुन आएका प्रस्ताव उपस्थित प्रस्तावदाता वा निजका प्रतिनिधि र यस संस्थाका प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभएको खण्डमा समेत प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही अनुसार हुनेछ।